नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राजस्व अनुसन्धान विभाग

# राजस्व अनुसन्धान कार्यालय कोहलपुर , बाँके ।

## मालसामान लिलाम सम्बन्धी सूचना ।

राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७० को नियम २६ बमोजिम यस कार्यालयबाट सिलबन्दी बोलपत्रद्वारा विभिन्न मालवस्तु लिलाम बिक्री गर्ने बारेको ७ दिने सूचना

प्रकाशित मिति २०८१/०२/२६

यस कार्यालयमा विभिन्न मितिमा जफत भएका देहाय बमोजिमका मालवस्तु जे जस्तो अवस्थामा छन् ,सोही अवस्थामा सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने भएकाले इच्छुक फर्म, कम्पनी तथा संस्थाले यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र निम्नलिखित शर्तहरुको अधिनमा रहने गरी गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको छ । आफुले कबोल गरेको रकमको १०% ले हुने धरौटी बापतको रकम राष्ट्रिय वाणिज्य बैंक नेपालगन्ज बाँकेमा रहेको को.ले.नि.का. बाँकेको धरौटी खाता नं. ४१३०१००१०२०३०००० मा कार्यालय कोड नं. ३०१०५५७०१ उल्लेख गरी जम्मा गरी सोको एक प्रति सक्कल भौचर बोलपत्र साथ पेश गर्नुपर्ने छ। साथै यो सूचना राजस्व अनुसन्धान विभागको वेब साइट **www.dri.gov.np** र यस कार्यालयको वेब साइट www.riokohalpur.dri.gov.np मा समेत हेर्न सकिने छ।

| क.स. | सू.द.नं. | मालवस्तुको विवरण | मूल्याङ्कन समितिले कायम गरेको मूल्य रु .(मू.अ.कर बाहेक ) |
|---|---|---|---|
| १ | ८१-०७७/७८ | सुटिङ कपडा (ग्यालियर ) ५७६ मिटर , सुटिङ कपडा ९७.५ मिटर , पपलिन कपडा ४८० मिटर, अबिर १०० के.जी , प्यास्टिक थैली १७५ के.जी. कुता सुरुवाल ६५० पिस, दुपट्टा ६४० पिस, प्यानसिल भिक्टोरी ३६०० पिस , सलाई ५० काट्टीको बट्टा ८४०० , ईस्टेनलर्स बिलेड ५० पिसको ६००प्याकेट ,सोनीक फायर बल पेन ४०० पीस,बर्मा ३०० पिस,बसुला ४६ के.जी. । | ४,४४,८०८.७ |
| २ | ७५-०७९/८० | लेडिज सुट ७५ पिस,ईन्सुलेटर हट पट ३४पिस,रोयल हट टप १५पिस र Led टिभी (Z liee) | ३,४०,३१७.७५ |
| ३. | ८८-०७९/८० | लेडीज सूट कटन,५५ पिस ,लेडिज ट्राउजर १५ पिस र प्लाजो ट ६१ पिस । | ४४,३१३.२९ |
| ४ | ८०-०७९/८० | सिंगल बेड नना १० पिस लेडिज सुट ९० पिस लेहेङ्गा कपडा ७० मिटर पर्दा कपडा ६० मिटर र सुटको कपडा सेतो र रातो ८८ मिटर । | ९२,०५५.६७ |
| ५ | १४-०८०/८१ | कुर्ता सुरुवाल ९१ पिस कुर्ती १८६ सेट कुर्ती १७५ पिस । | २,४१,९२०/- |
| ६ | १५-०८०/८१ | कुर्ता सुरुवाल १२ पिस कुर्ती २५ सेट कुर्ती १९ पिस बच्चाको फ्रक २३ पिस थाली ताँमा पितल १६ के.जी. जुत्ता ३०जोर बच्चाको जुत्ता १५जोर ईलास्टिक ११५ के.जी.धागो ९के.जी.र माला २३के.जी. । | १,१४,८४१.४४ |
| ७ | ८४-०८०/८१ | मोबाईल कभर १६ के.जी र सुटीङ्ग कपडा १६८ मिटर । | ७२,४७९.१६ |
| ८ | ८५-०८०/८१ | कुर्ता सुरुवाल ४० पिस बच्चाको हाफ कट्टु १८६ पिस सेन्डो ठुलो ५० पिस सेन्डो सानो ६० पिस र प्रिन्ट कपडा २४० मिटर । | ६४,८६६.७८ |
| ९ | ८६-०८०/८१ | कुर्ता सुरुवाल ४० पिस । | २२,५७९.२ |
| १० | ९७-०७९/८० | कुर्ता सुरुवाल ६० पिस र कुर्ति ३० पिस । | ६१,२८६.४० |

सिलबन्दी बोलपत्र फारम सम्बन्धी सर्तहरु:

१. बोलपत्रसम्बन्धी कागजातहरु खरिद गर्न निवेदन साथ नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र, मू.अ.कर तथा आयकरमा दर्ता भएको दर्ता प्रमाणपत्र र आ.व.२०७९/०८० को कर चुक्ता प्रमाणपत्रको छायाँप्रति सहित न्यूनतम मूल्य रु.१लाखसम्मको लागि रु.३००/- र रु.

राजस्व अनुसन्धान अधिकृत

भन्दामाथी १० लाखसम्मको लागि रु.१०००/- तथा १० लाख भन्दा माथिको रु.२०००/-फिर्ता नहुने गरी यस कार्यालयको आर्थिक प्रशासन शाखामा बुझाएको रसिद संलग्न गरी यस कार्यालयबाट यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र खरिद गर्न सकिने छ । अन्त शुल्क लाग्ने पदार्थको हकमा दर्ता प्रमाणपत्रको छायाँ प्रति पेश गर्नु पर्ने छ।

२. आफूले कबोल गरेको रकम अंक र अक्षरमा खुल्ने गरी स्पष्ट रुपमा नेपाली भाषामा उल्लेख गर्नुपर्नेछ । सच्याइएको वा केरमेट गरेमा सो स्थानमा बोलपत्रदाताको दस्तखत हुनुपर्नेछ । साथै अंक र अक्षरमा फरक परेको हकमा अक्षरलाई मान्यता दिईनेछ । कुनै पनि शर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन ।

३. प्रत्येक सु.द.नं. को छुट्टाछुट्टै बोलपत्र खरिद गरी उक्त बोलपत्र खामभित्र राखी खाममा सिलछाँप समेत लगाई पेश गर्नु पर्नेछ ।

४. बोलपत्र फाराम भएको खाम बाहिर बोलपत्र सु.द.नं. र बोलपत्रदाताको नाम ठेगाना उल्लेख गर्नुपर्नेछ ।

५. खरिद गरिएका बोलपत्र सूचना प्रकाशित भएको मितिले ८ औं दिनको अपरान्ह १२:०० बजेसम्म यस कार्यालयमा (सो दिन सार्वजनिक बिदा परेमा लगत्तै कार्यालय खुलेका दिन) मा दर्ता गरि सक्नुपर्नेछ । दर्ता भएका बोलपत्रहरु सोहि दिन दिउँसो १५:०० बजे बोलपत्रदाता र अन्य कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा बोलपत्र खोलिनेछ । निर्धारित समयमा बोलपत्रदाता अनुपस्थित भएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समयमा बोलपत्र खोलिनेछ ।

६. बोलपत्र स्विकृत भएको मितिले ७ दिनभित्र आफूले कबोल गरेको मालवस्तुको मूल्य र सोमा प्रचलित नियमानुसार लाग्ने मु.अ.कर तथा अन्तःशुल्क रकम समेत बुझाई उठाइ लैजानु पर्नेछ । बोलपत्र स्वीकृत भएको जानकारी यस कार्यालयको सूचना पाटीमा सूचना प्रकाशित गरी जानकारी गराईनेछ ।

७. कबोल गरेको सबैभन्दा बढी अंक स्वीकृत भएपछि कबोल गर्नेले ७ दिन भित्र आफूले कबोल गरेको रकम र सोमा लाग्ने कर समेत बुझाई मालवस्तु उठाइ नलगेमा न्यूनतम मूल्यभन्दा बढी कबोल गर्ने क्रमशः दोश्रो,तेश्रो र चौथो घटिवालाको कबोल अंक स्वीकृत गरीनेछ र बोलपत्र कबोल गरी म्याद भित्र सामान नउठाउने बोलपत्रदाताको धरौटी रकम जफत गरी पुनः लिलामको कारवाही अगाडी बढाईनेछ ।

८. बोलपत्रसम्बन्धी कागजातहरु खरिद गर्नेहरुले मालवस्तु हेर्न चाहेमा कार्यालय समयमा यस कार्यालयको गोदाम शाखामा सम्पर्क गरी हेर्न तथा बुझ्न सकिनेछ ।

९. यस सम्बन्धी अन्य कुराहरु प्रचलित ऐन नियमानुसार हुनेछ ।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार यस कार्यालयमा सुरक्षित रहने छ

प्रमुख अनुसन्धान अधिकृत

प्रमुख अनुसन्धान अधिकृत